हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः** ६ | **संख्याः** ३ | **मितिः** २०८०/१२/०१

**भाग-२**

**हरिनगर गाउँपालिका**


## बाल विकास केन्द्र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :** २०८०।०४।३१

**प्रस्तावना**

बाल विकास कक्षाका बालबालिकाले भविष्यमा आफूले जान्नु र सिक्नु पर्ने धेरै विषयहरुलाई खेल, बाल गीत, लघु कथा, कुराकानी, अवलोकन, चित्र, नाटक आदि जस्ता क्रियाकलापको माध्यमबाट स्पष्ट अवधारणाको विकास गर्न बालविकास कक्षामा बालबालिका ल्याई तिनीहरुको मानसिक, शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक जस्ता पक्षहरुको विकासबाट सर्वाङ्गीण विकासमा जोड दिइ विद्यालय शिक्षा तथा सिकाइमा निरन्तर रुपमा सहभागी गराउन आवश्यक भएको हुँदा हरिनगर गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७५ को दफा ५४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी "बाल विकास केन्द्र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" तर्जुमा गरी जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम : **"बाल विकास केन्द्र व्यवस्थापन सम्वन्धी कार्यविधि २०८०"** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि जारी भएको मानिनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **"केन्द्र"** भन्नाले हरिनगर गाउँपालिका अन्तर्गत सञ्चालित बालविकास केन्द्र र शिशु विकास केन्द्र दुवैलाई सम्झनु पर्छ ।

ख) **"शिशु विकास केन्द्र"** भन्नाले कम्तिमा दुई वर्ष उमेर पूरा भई चार वर्ष उमेर पूरा नगरेका बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकासका लागि सञ्चालित केन्द्रलाई सम्झनु पर्छ ।

ग) **"बालविकास विकास केन्द्र"** भन्नाले कम्तिमा चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको शिक्षा दिने केन्द्र सम्झनु पर्छ ।

घ) **“व्यवस्थापन समिति”** भन्नाले समुदायमा सञ्चालित बालविकास केन्द्रको हकमा यसै कार्यविधिको दफा ७ बमोजिम गठित समिति तथा शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा १२ को क (१) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ

ङ) “**अध्यक्ष**” भन्नाले केन्द्र व्यवस्थापन समिति तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

च) **“परीक्षा”** भन्नाले बाल विकास केन्द्र तथा विद्यालयले संञ्चालन गर्ने निरन्तर मूल्यांकन सम्झनु पर्दछ ।

छ) **“बालविकास शिक्षक”** भन्नाले शिक्षा नियमावली, २०५९ ( संशोधन सहित) को नियम १४४ (ख) र १४४ (ग) अनुसार यस कार्यविधिको अधीनमा रही केन्द्र व्यवस्थापन समिति तथा विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ । सो पदले स्थानीय सरकाबाट प्राप्त हुने अनुदानबाट सेवा सुविधा पाउने गरी यसै कार्यविधि बमोजिम नियुक्ति हुने बालविकास शिक्षकको पदलाई समेत जनाउने छ । सो पद श्रेणी विहीन हुनेछ ।

**३. केन्द्र स्थापना:** (१) कुनै समदायले केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची-१ बमोजिमको ढाँचामा माघ १ गतेदेखि फागुन मसान्तभित्रमा शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदक समुदायलाई केन्द्र स्थापना गर्न गाउँपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा अनुसूची-२ बमोजिमको ढाँचामा चैत्र १५ गतेभित्र गाँउ शिक्षा समितिको निर्णायानुसार गाउँ कार्यपालिकाको कार्यालयले अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले यस निर्देशिकामा तोकिएका आधारहरु वमोजिम संस्थाको सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सकिनेछ ।

(४) निवेदकले आफ्नो निवेदनमा देहायका कुरा खुलाएको हुनुपर्नेछ :

(क) आफूले बालवालिकालाई उपलव्ध गराउन प्रस्ताव गरेको सेवा सुविधाहरु ।

(ख) आफूले संचालन गर्ने केन्द्रमा भर्ना हुन आउने बालवालिकाहरुको उमेर समूह ।

(ग) अभिभावकहरुसँगको छलफल बैठक तथा निजहरुको अपेक्षा ।

(घ) भवन भित्र र भवन बाहिर बालवालिकाहरुलाई उपलव्ध गराईने सुविधा तथा सिकाइ प्रक्रिया ।

(ङ) ध्वनी प्रदुषण, छिमेकीहरुबाट हुन सक्ने प्रदुषण तथा अवरोध, फोहोरमैला व्यवस्थापन, ढल निकास प्रवन्ध आदि बारे व्यवस्थापकीय योजना र त्यसबाट प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता ।

च) प्रस्तावित केन्द्रको भवन, खेल मैदान, खेल सामग्री, शुद्ध खाने पानीको व्यवस्था,

**४. केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वाधार :** (१) केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछ :

(क) फराकिलो, खुला, शान्त, सुरक्षित भवन र खेल मैदान,

(ख) विद्यार्थी संख्याको आधारमा खेल सामाग्री,

(ग) बाल उद्यान

(घ) सफा र स्वच्छ खानेपानी

(ङ) खाजा खुवाउने व्यवस्था ,

(च) श्रव्य-दृष्य तथा अन्य सिकाइ सामाग्रीको पर्याप्तता

(छ) सुरक्षाको उचित प्रबन्ध

(२) शिशु विकास केन्द्र संचालनका लागि घर वा जग्गा लिजमा लिएको भए कम्तीमा ५ वर्षका लागि भएको सम्झौतापत्र र संचालककै घरमा संचालन गरेको भए जग्गाको धनीपूर्जा समेत निवदेन साथ संलग्न हुनुपर्नेछ ।

(३) यस ऐन बमोजिमको प्रारम्भिक वाल शिक्षा केन्द्र र शिशु शिक्षा केन्द्र चलाउन अलग अलग अनुमति लिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले यस निर्देशिकामा तोकिएका आधारहरु वमोजिम संस्थाको सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सकिनेछ ।

**५. आवश्यक जनशक्तिः**

(१) केन्द्र स्थापना गर्नको लागि देहायका जनशक्ति व्यवस्था गरेको हुनु पर्नेछः

(क) प्रति कक्षा कम्तीमा एकजना तालिम प्राप्त सहजकर्ता

(ख) बाल बालिकाको हेरचाह गर्न आवश्यक सुसारेहरु

(ग) प्रति २० जना वालबालिकाको स्याहार सुधार गर्न एकजना सुसारे

(घ) आवश्यकताअनुसार अन्य कर्मचारी

**६. स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने** : केन्द्रमा पाठ्यक्रम विकास केन्द्र एवम् गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नु पर्नेछ ।

**७. समुदायमा सञ्चालित बालविकास केन्द्रको व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्थाः** (१) समुदायमा सञ्चालित बाल विकास केन्द्रको सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्न सात सदस्यीय व्यवस्थापन समिति रहनेछ, जसको गठन तपसिल बमोजिम हुनेछ ।

क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुई जना महिला सहित चार जना – सदस्य

ख) बालविकास केन्द्र सञ्चालनमा रहेको वडाको वडा समिति सदस्यहरुमध्येबाट वडाले पठाएको एक जना – सदस्य

ग) सम्बन्धित मातृ विद्यालयको प्रधानाध्यापक – सदस्य

घ) सम्बन्धित बालविकास केन्द्रको ज्येष्ठ बालविकास शिक्षक - सदस्य सचिव

(२) व्यवस्थापन समितिको जेष्ठ सदस्यको अध्यक्षतामा बसेको पहिलो बैठकले यसै दफाको उपदफा (१) को (क) र (ख) का सदस्यहरु मध्येबाट अध्यक्ष चयन गर्नुपर्नेछ ।

(३) सदस्यहरुले राजिनामा दिन चाहेमा समितिका अध्यक्ष समक्ष राजिनामा लिखत पेश गर्नु पर्ने छ । त्यसरी पर्न आएको राजिनामा अध्यक्षलाई उचित लागेमा एक हप्ता भित्र स्वीकृत गरी सोको जानकारी समिति समक्ष गराउनु पर्ने छ । अध्यक्षले राजिनामा दिन चाहेमा गाउँ कार्यपालिकाको

कार्यालयको शिक्षा शाखा मार्फत गाउँ शिक्षा समितिमा पेश गर्नु पर्ने छ । सो उपर गाउँ शिक्षा समितिले सात दिन भित्र आवश्यक कारवाही टुङ्ग्याउनु पर्ने छ ।

(४) बाल शिक्षकहरुले राजिनामा दिन चाहेमा यस कार्यविधि वमोजिम गठित समितिका अध्यक्ष मार्फत गाउँ शिक्षा समितिमा पेश गर्नु पर्ने छ । सो उपर गाउँ शिक्षा समितिले सात दिन भित्र आवश्यक कारवाही टुङ्ग्याउनु पर्ने छ ।

**७. व्यवस्थापन समितिको काम र कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क) नियमित रुपमा बालविकास केन्द्र तथा पूर्व-प्राथमिक कक्षा सञ्चालन गर्न सहयोग पुर्‍याउने,

ख) कम्तिमा महिनाको एक पटक अनिवार्य रुपमा समितिको बैठक राख्ने,

ग) अभिभावकहरुसँग चौमासिक रुपमा संयुक्त बैठक सञ्चालन गर्ने,

घ) बालबिकास केन्द्र तथा पूर्व-प्राथमिक कक्षा शनिबार, स्थानीय बिदा तथा
सार्वजनिक बिदाका दिन बाहेक दिनको ४:३० घण्टा, हप्तामा ६ दिन नियमित सञ्चालन गर्नु पर्ने,

ङ) २ वर्ष उमेर पूरा भएका तर ५ वर्ष उमेर नपुगेका समुदायका बालबालिकालाई केन्द्रमा समावेश गर्ने सहयोग गर्ने,

च) केन्द्र तथा विद्यालयमा अभिभावक शिक्षा कार्यक्रमको आयोजना गर्ने,

छ) शिक्षा नियमावली (संशोधन सहित), २०५९ को नियम २५ ले तोके बमोजिमका कार्य गर्ने ।

**८. नक्सांकनका आधारमा मात्र केन्द्र खोल्न सकिने :** गाउँपालिका भित्र खुलेका र भविष्यमा खुल्ने शिशु विकास केन्द्र तथा प्रारम्भिक वाल शिक्षा केन्द्रलाई नक्सांकनका आधारमा पुर्नवितरण गर्दा वा नयाँ खोल्दा नक्सांकन भित्र पर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

## परिच्छेद-२
## केन्द्र संचालन सम्बन्धी व्यवस्था

**९. केन्द्रको न्यूनतम मापदण्डः** दफा ४ को अतिरक्ति केन्द्रको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनुपर्नेछ ।

(क) केन्द्र वालवालिकाको घरबाट १५-२० मिनेटको पहुँचमा हुनुपर्नेछ ।

(ख) कम्तीमा प्रति बालबालिकाको लागि दुई वर्गमिटर क्षेत्रफलको कोठा र आठ फिट उचाई, उज्यालो ढोका भएको ताला लगाउन मिल्ने कोठा हुनुपर्नेछ ।

(ग) कोठा बालवालिकाको स्वास्थ्य अनुकूल तापक्रम भएको हुनु पर्नेछ साथै केन्द्र संचालन गर्ने भवनको चारैतर्फ खुला र अन्य घर नजोडिएको शान्त, उज्यालो तथा दोहोरो हावा बहन गर्न सक्ने हुनु पर्नेछ । झ्यालमा ग्रिल राखेको हुनुपर्नेछ ।

(घ) कोठाको क्षेत्रफल वालवालिकाको लागि स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनुका साथै भवनमा पर्याप्त पार्किङ सुविधा, स्थानीय मानिसहरुका लागि सहज तरिकाले आवत जावत गर्न मार्ग भएको हुनु पर्नेछ । प्रत्येक कक्षा कोठामा कम्तिमा पाँच जनाको पाँच वटा सानो सानो समूह र बीसदेखि पच्चिस जनासम्मको बालबालिकाको ठूलो समूहलाई स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न, नाच्न, घेरामा वसेर छलफल गर्न उपयुक्त ठाउँ रहेको हुनु पर्नेछ । कोठा सफा, सुरक्षित, आकर्षक र सजिलै हिंडडुल गर्न सकिने हुनुपर्नेछ । साथै केन्द्रभवन आसपासमा पेट्रोल पम्प, मुख्य सडक, बसपार्क, खुलामञ्च, वाचनालय, कलकारखाना तथा ट्राफिक जोखिम नभएको स्थलमा हुनुपर्नेछ ।

(ङ) केन्द्र परिसर खुला इनार, पोखरी, भिर, खोला, फोहोर संकलन केन्द्र, बसपार्क, ध्वनी प्रदुषक उद्योग धन्दा, हवाइमैदानबाट कम्तिमा पाँच सय मिटर बाहिर हुनका साथै भवनमा अग्नि नियन्त्रक उपकरण समेत हुनुपर्नेछ ।

(च) अनिवार्यतः भुँइतलामा संचालन भएको हुनुपर्नेछ ।

(छ) भवनले ओगटेको जमिनको भागको कम्तिमा दुई तिहाइ खाली जमिन खेलमैदानको रुपमा हुनुपर्नेछ ।

(ज) बालवालिकाको उमेर सुहाउँदो शौचालय हुनु पर्नेछ । शौचालय वालवालिकाको संख्या अनुसार पर्याप्त हुनु पर्नेछ । शैचालयमा अनिवार्यतः साबुन, रुमाल, पानी, ट्वाइलेट पेपर, नियमित सफा सुग्घर गर्ने सरसामानहरु तथा नियमित सरसफाई गर्ने प्रबन्ध हुनुपर्नेछ ।

(झ) प्रत्येक कक्षा कोठामा उपयुक्त शैक्षिक सामाग्री, सिकाई सामग्री, पाठ्यपुस्तक(चित्र अंकित कम्तिमा पचास पुस्तक सहित अन्य पुस्तकहरु), वालवालिकाको व्यक्तिगत सामान छुट्टा छुट्टै राख्ने गरी र्‍याकको प्रवन्ध गरेको हुनुपर्नेछ ।

(ञ) बालवालिकाले तयार पारेका क्रियाकलापहरु सबैले देख्ने गरी बालवालिकाको आँखाको लेवलमा भित्तामा टाँस्नु पर्नेछ । पाटीको साईज तथा झुण्ड्याइने स्थान बालवालिकाको सहज पहुँचमा हुनुपर्नेछ ।

(ट) बालवालिकाको लागि आवश्यक खेल सामाग्री कक्षामा नै हुनुपर्नेछ ।

(ठ) बालवालिकालाई भूँइको चिसो र फोहोरले असर नपर्ने गरी बसाईको लागि गुन्द्री/नरम चकटी /फल्याक/कार्पेटको व्यवस्था गरिएको हुनुपर्नेछ

(ड) कार्यालय कोठा, कपडा फेर्ने कोठा, विरामी आराम कक्ष, प्राथमिक उपचार कक्ष, नुहाउने कोठा, कपडा धुने, भाँडा माझ्ने, खाना पकाउने जस्ता भौतिक संरचनाहरु भवन भित्र अलग्गै हुनु पर्नेछ । हातहतियार, औषधी, किटनाशक औषधीहरु तथा वालवालिकाको लागि हानिकारक हुने संरचनाहरु उनिहरुको पहुँच नहुने गरी राख्नु पर्नेछ ।

(ढ) बालवालिकाहरु एक अर्कासम्म सहजै पुग्न मिल्ने र हिंडडुल गर्न मिल्ने गरी बस्ने, खेल्ने, सुत्ने व्यवस्था गरिएको हुनुपर्नेछ ।

(ण) सिकाइको माध्यम अभिनय, खेलकुद, मनोरञ्जन, सिर्जनात्मक क्रियाकलाप, स्वावलम्वन सिकाइ, विज्ञान सिकाई, तथा अभ्यासजनक आवश्यक सिकाई सामग्री प्रत्येक कक्षा कोठामा व्यवस्था गर्नुपर्नेछ ।

(त) प्रत्येक बालवालिकाको लागि पुग्दो सफा र शुद्ध सुरक्षित पिउने पानी, सरसफाइको लागि पर्याप्त पानी, प्राथमिक उपचारको लागि आवश्यक औषधिहरु, स्वास्थ्य चौकीबाट उपलव्ध गराईने नियमित स्वास्थ्य सेवा सुनिश्चित गरिनु पर्दछ । खाजा तथा खाना उपलव्ध गराउने बार अनुसारको स्वस्थ तथा स्वास्थ्यवर्धक खाना खाजाको विवरण(उमेर अनुसार) यकिन गरी अभिभावक समेतलाई उपलव्ध गराउनुपर्नेछ । समय समयमा खानाको गुणस्तर परीक्षण गराउनु पर्नेछ ।

(थ) बालवालिकालाई सिकाई क्रियाकलापमा सक्रिय सहभागी गराउन वास्तविकता झल्काउने खालका पूतली, मान्छे, पशु, घर, चरा, स्वास्थ्य चौकी, केन्द्र, टाँक, तुना, चेन, ढक तराजु, स्केल, माटो, वालुवा, काठका टुका, कागजातका टुका, फूल, भाँडा वर्तन, लुगाफाटा, बाजागाजा, सागसब्जी, फलफूल, माछा, भान्छाका सामानहरु, रबर बल, बाँसका टुकाहरु, मकैको खोस्टाहरु, विभिन्न किसिमका बियाँहरु, नरिवलको खपडा, लप्सीका विया आदि खेलौनाहरुको नियमित प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ

(द) भर्ना पुस्तिका, दैनिक हाजिर पुस्तिका (कर्मचारी र वालवालिकाको लागि), बैठक पुस्तिका, स्वास्थ्य पुस्तिका, प्रत्येक बालवालिकाको लागि र प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीहरुको लागि १/१ वटा व्यक्तिगत फाइल तथा पूर्व लेखन अभ्यास पुस्तिका हुनु पर्नेछ। अभिभावकहरुको लागि आगमन तथा सुझाव पुस्तिका, विशेष घटना रेकर्ड पुस्तिका, बालवालिकाको उचाई तथा तौल नापजाँच पुस्तिका तथा अभिभावक सम्पर्क विवरण पुस्तिका अलग अलगै रहनुपर्नेछ।

(ध) विद्यार्थी रेकर्ड, आम्दानी खर्च रेकर्ड, विद्यार्थी प्रगति अभिलेख तथा अन्य रेकर्डहरु व्यवस्थित रुपमा राख्ने प्रवन्ध गरिनुपर्नेछ।

न) प्रत्येक बालवालिकालाई समान रुपले माया र राम्रो व्यवहार गर्ने, आवश्यकता अनुसार सहयोग गर्न हरदम तत्पर रहने, प्रत्येक बालवालिकाको लागि सुरक्षित महसुस गराउन सक्ने, मायालु तवरले नम्र व्यवहार गर्ने रुचि भएका, बालवालिकाको स्वास्थ्य अवस्था, मनोविज्ञान, रुचि र आवश्यकता बुझ्न सक्नेबाल सकियतालाई बढुवा दिने, अभिभावकसँग अन्तरकिया गर्न रुचि राख्ने, सिकाइ सामाग्रीहरुको उचित प्रयोग गर्न सक्ने सीपमूलक, कथा, गीत, कविता भन्न तथा नृत्य गर्नजान्ने, नेपाली संस्कार, सँस्कृति, जात्रापर्व, चाडबाड बुझेको, बालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक विकासलाई सहयोगी बन्न सक्ने क्षमता भएको मृदुभाषी, पेसाप्रति आस्थावान, अनुशासित, सदाचारी, सच्चरित्र भएको न्यूनतम अनुभव र सीपलाई जनशक्तिको बान्छनीय योग्यता मानिनेछ।

(प) केन्द्रको मासिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी प्रमाणीत गराई राख्ने प्रवन्ध हुनुपर्नेछ।

(फ) फोहोरमैला तथा ढल व्यवस्थापनको तरिका फोहोरमैला व्यवस्थापन ऐन तथा नियम अनुसार हरिनगर गाउँपालिकाले तोके बमोजिमको हुनेछ। केन्द्र परिसर विपद पर्दाको बखत समेत सुरक्षित हुने तरिकाले प्रवन्धित हुनुपर्नेछ।

**११. प्रमाणपत्र जारी गर्न नपाउने :** शिशु विकास केन्द्रले त्यस्ता केन्द्रमा अध्ययन पूरा गरेका वालवालिकालाई शैक्षिक प्रमाणपत्र जारी गर्न र विभिन्न उपाधि धारणका औपचारिक कार्यक्रम गर्न पाउने छैन।

**१२. सवारी साधनको प्रयोग गर्न नपाउने** :

(१) केन्द्रले वालवालिकालाई त्यस्तो केन्द्रसम्म ल्याउन र लैजान सामान्यतया सवारी साधनको प्रयोग गर्न पाउने छैनन्।

(२) उपदफा (१) वमोजिम वालवालिकालाई ल्याउन तथा लैजान सवारी साधन आवश्यक भएमा सवारी साधनको विवरणसहित नगरपालिकाको अनुमति लिनुपर्नेछ। अनुमति माग गर्दा चारपांग्रे सवारी साधानका लागि मात्र अनुमति माग गर्न पाइनेछ।

(३) गाउँपालिकाले अनुमति दिंदा सवारी साधन वालमैत्री भए नभएको यकिन गरेर मात्र अनुमति दिनेछ।

(४) उपदफा (२) वमोजिम अनुमतिका लागि निवेदन पेस गर्दा सवारी साधन प्रयोग गर्ने वालवालिकाका अभिभावकको मञ्जुरी समेत निवेदन साथै पेस गर्नुपर्नेछ।

**१३. केन्द्रको नामाकरण :** प्रारम्भिक वाल विकास केन्द्र तथा शिशु विकास केन्द्रको नामाकरण गर्दा राष्ट्रिय महत्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थल, राष्ट्रिय विभूति, राष्ट्रिय व्यक्तित्वको नाम, शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको शिक्षाप्रेमी तथा संचालक संस्था आदिको नामबाट संचालन गर्ने गरी नामाकरण गर्नु पर्नेछ। केन्द्र दर्ता भई सकेको नाममा अर्को केन्द्र दर्ता हुन सक्नेछैन।

**१४. खुल्ने र बन्द हुने समय :** १) शनिवार र अन्य सार्वजनिक विदाको दिन बाहेक मातृ विद्यालय सञ्चालन समय तालिका अनुसार सञ्चालन गर्नु पर्नेछ।

२) जाडो, गर्मीको समय अनुसार विहान दिउँसो उपयुक्त समयमा एक दिनमा ४:३० घण्टा सम्म चलाउनु पर्नेछ ।

**१५. जरिवाना:** (१) यो निर्देशिका वमोजिम अनुमति नलिई केन्द्र संचालन गरेमा गाउँ कार्यपालिकाको कार्यालय प्रमुखले दस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गरी त्यस्तो केन्द्र खारेज गरिनेछ ।

**१६. पुनरावलोकन :** (१) कुनै संस्थालाई दफा १५ वमोजिम गरिएको जरिवाना उपर चित्त नबुझेमा गाउँ कार्यपालिका समक्ष पुनरावलोकन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावलोकन उपर गाउँ कार्यपालिकाले आवश्यक छानविन गरी अन्तिम कारवाही किनारा लगाउनेछ ।

## परिच्छेद -३
## सरकारी अनुदानमा सञ्चालित बालविकास शिक्षकको पद, तह, र श्रेणी विभाजन

**१७. बालविकास शिक्षकको पद :**

क) बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षामा नेपाल सरकारबाट नियमित रुपमा प्राप्त हुने अनुदान तथा श्रोतलाई ध्यानमा राखी देहायको पदमा बालविकास शिक्षकको व्यवस्था गरिने छ ।

| पद | तह |
|---|---|
| बाल विकास शिक्षक | प्रथम (स्थानीय तह) |

ख) व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयबाट आवश्यकता अनुसार अन्य पदको सिर्जना गर्न सक्ने छ । यसरी पद सिर्जना गरिएमा सो पछि बसेको गाउँ सभाबाट अनिवार्य रुपमा अनुमोदन गराउनु पर्नेछ । अन्यथा पछि सिर्जना गरिएका पद स्वतः खारेज हुनेछ ।

## परिच्छेद-४
## सरकारी अनुदानमा सञ्चालित बालविकास शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

**१८. बालविकास शिक्षकको भर्ना सम्बन्धी व्यवस्था :**

१) बाल विकास केन्द्र र पूर्व प्राथमिक कक्षाको सञ्चालन, व्यवस्थापन, संरक्षण, प्रशासनिक तथा बाल विकास सिकाइ व्यवस्थामा सहयोग गर्न आवस्यकता अनुसार यस कार्यविधिको नियम ४ अनुसारका बालविकास शिक्षकको छनोट खुला प्रतिस्पर्धाबाट गरिनेछ ।

२) व्यवस्थापन समितिले बाल विकास कक्षाको रिक्त वा सृजना गरेको बालविकास शिक्षक पदमा नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको ५ सदस्यीय बालविकास शिक्षक छनौट समिति गठन गर्नेछ ।

(क) व्यवस्थापन समिति अध्यक्ष — अध्यक्ष

(ख) विषय विज्ञ (दुई जना) — सदस्य

(ग) शिक्षा शाखा प्रमुख वा प्रतिनिधि — सदस्य

(घ) विद्यालय तथा मातृविद्यालयका प्राधानाध्यापक — सदस्य–सचिव

३) उपनियम (२) बमोजिमको छनौट समितिले निम्न प्रकृया पूरा गरी बालविकास शिक्षक छनौट गरी नियुक्तिका लागि व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

(क) रिक्त पद पूर्ति गर्न १५ दिनको म्याद दिई विज्ञापन प्रकाशन गर्ने, आवेदन बुझ्ने, परीक्षाको मिति, स्थान तथा समय निर्धारण गर्नु पर्नेछ ।

(ख) लिखित परीक्षाको प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण  बालविकास शिक्षक छनोट समितिको रोहवरमा विषय विज्ञ र शिक्षा शाखाको प्रमुख वा प्रतिनिधिले गर्ने छ ।

(ग) लिखित परीक्षा, अन्तर्वार्ता तथा आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा संचालन गरी छनोट गर्नु पर्ने छ ।

(घ) उपनियम ३ (ग) बमोजिमको परीक्षाको पूर्णाक १०० र उत्तीर्णाक ४० हुनेछ । जस अन्तर्गत विषय क्षेत्रसँग सम्बन्धित पचास वटा बहुबैकल्पिक प्रश्नहरु प्रत्येकको अङ्कभार २ कायम हुनेछ ।  वस्तुगत बहु उत्तर प्रश्नको परीक्षण गर्दा गलत उत्तर दिएमा वा केरमेट भएको पाइएमा प्रति प्रश्नोत्तर वापत बीस प्रतिशत अंक कट्टा गरिनेछ । छनोट सम्बन्धी पाठ्यक्रम अनुसूचि ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ङ) उपनियम ३ (ग) बमोजिम सञ्चालन हुने अन्तर्वार्ताको पूर्णाङ्क २० अङ्क भारको हुनेछ जसको अङ्क विभाजन देहाय बमोजिम हुनेछ ।

(१) शैक्षिक योग्यता बापत  ५ अङ्क ( न्यूनतम शैक्षिक योग्यता मात्र भए ३ अंक र सो भन्दा माथिल्लो तहको शैक्षिक योग्यता भए थप २ अंक दिइनेछ ।

(२) विषयवस्तुको ज्ञान बापत १० अङ्क

(३) प्रस्तुतीकरण, व्यक्तित्व र अनुशासन बापत  ५ अङ्क

(४) अन्तर्वार्ता बापतको अङ्क प्रदान गर्दा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क प्रदान गर्नु पर्ने भएमा सोको कारण पेस गर्नु पर्नेछ ।

(ङ) उपनियम ३ (घ) बमोजिमको लिखित परीक्षामा कोही पनि उमेद्वार सफल हुन नसकेमा सो विज्ञापन रद्द गरी पुनः खुला विज्ञापन मार्फत दरखास्त आवहान गरिनेछ ।

(च) उपनियम ३ ख बमोजिमको परीक्षामा सवैभन्दा बढी अंक ल्याउने उम्मेदवारहरु प्राप्ताङ्कको आधारमा छनौट गरिने छ ।

४) उपनियम (२) बमोजिम सिफारिस भएको व्यक्तिलाई व्यवस्थापन समितिले बाल विकास शिक्षक पदमा नियुक्ति गर्नेछ ।

७) यो कार्यविधि प्रारम्भ हुनु अघि नियुक्ति भई हाल कार्यरत बालविकास शिक्षकको हकमा शिक्षा नियमावलीको नियम १४४ (ग) बमोजिम यसै कार्यविधि अनुसार नियुक्ति भएको मानिने छ ।

## परिच्छेद -५
## तलब भत्ता तथा अन्य सुविधा

**१९. तलब भत्ता :**

क) बालविकास शिक्षकले आफ्नो पदमा बहाल गरेको मिति देखि सरकारी अनुदानमा नघटाई व्यवस्थापन समितिले तोके बमोजिमको तलब र भत्ता सम्बन्धित मातृ विद्यालय तथा विद्यालय मार्फत बाल विकास शिक्षकले पाउनेछ ।

## परिच्छेद-६
## काम, कर्तव्य, अधिकार र सहयोग

**२०. बालविकास शिक्षकको काम र कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ -**

१) बालविकास शिक्षकको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

क) समुदाय तथा अभिभावकसँग उचित किसिमले समन्वय गर्ने,

ख) दैनिक कार्ययोजना तयार गरी सोही अनुसार कक्षा सञ्चालन गर्नु पर्ने,

ग) बालबालिकालाई आवश्यक पुस्तिका, खेलौना उपलब्ध गराइ प्रयोग गराउने,

घ) स्थानीय सामग्रीको प्रयोग गरी बालबालिकाको सर्वाङ्गीण विकासका लागि सहयोग पुर्‍याउने,

ङ) समय-समयमा अभिभावक भेला बोलाइ बालबालिकाको सिकाइमा छलफल र अन्तर्क्रिया गराउने,

ञ) त्रैमासिक रुपमा बालबालिकाको प्रगति मूल्याङ्कन अभिभावकसँग प्रस्तुत गर्ने,

ट) बालवालिकाको सिकाइ उपलब्धि तथा प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरेर व्यवस्थापन समितिबाट प्रमाणित गराइ सम्बन्धित निकाय वा शिक्षा शाखामा पेश गर्ने,

ठ) हरेक बालबालिकाको व्यक्तिगत विवरण बनाएर सुरक्षित रुपमा राख्ने,

ढ) समयको ख्याल गरी समयमा उपस्थित भई तोकिएको काम गर्ने,

त) पिउने पानीको व्यवस्था मिलाउने तथा शौचालयको वातावरण सफा राख्ने वा राख्न लगाउन सहयोग गर्ने,

थ) व्यवस्थापन समितिले तोकेको थप कार्य गर्ने,

द) बाल विकास केन्द्रमा भर्ना हुन आएका बालबालिकाको विवरण (IEMIS) मातृ विद्यालयसँग सम्पर्क गरी तोकिएको समयभित्र अध्यावधिक गर्नुपर्ने ।

न) माथिल्लो निकायबाट आएको निर्देशन पालना गर्ने गराउने ।

**२१. बालविकास शिक्षकले पाउने बिदा :**

क) शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १०६ को उपनियम १ को खण्ड (च),(छ) र (ज) बाहेक शिक्षकले पाउने विदा बालविकास शिक्षकले पनि पाउने छ ।

ख) बालविकास शिक्षकले पाउने कुनै पनि विदा सञ्चित हुने छैन

ग) एकजना मात्र शिक्षक रहेको केन्द्रमा विदा वस्दा मातृ विद्यालयको सहयोग समन्वयमा केन्द्र सुचारु सुनिश्चिता गरेर मात्र विदा लिनुपर्नेछ ।

**२२.बिदा दिने अधिकारी :**

बालविकास शिक्षकको बिदा केन्द्र व्यवस्थापन समितिको अध्यक्षको सिफारिसमा मातृ विद्यालयको प्रधानाध्यापक तथा विद्यालयको हकमा विद्यालय प्रधानाध्यापकले स्विकृत गर्नेछ ।

**२३.बिदा सहुलियत मात्र हुने :** बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

**२४.सरुवा सम्बन्धिः** सरकारी अनुदानका बालविकास शिक्षकको सरुवा गाउँ शिक्षा समितिको निर्णय बमोजिम गाउँ कार्यपालिकाको कार्यालय प्रमुखले गर्नेछ ।

## परिच्छेद -७
## योग्यता तथा तालिम

**२५.योग्यता सम्बन्धी व्यवस्था :**

(१) बालविकास शिक्षक पदका लागि देहायको योग्यता हुनुपर्ने छः बालविकास शिक्षकको लागि कम्तिमा SEE वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने छ । SEE मा जि.पि.ए .बाट मूल्याङ्कन गरिएको भए जम्मा जि.पि.ए १.६ वा सो भन्दा माथि हुनु पर्नेछ ।

२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुनुअघि नियुक्त बालविकास शिक्षकको हकमा यो उप नियमले बाधा पुऱ्याएको मानिने छैन ।

३) १८ वर्ष उमेर पूराभइ ४० वर्ष ननाघेको,

४) कुनै किसिमको फौजदारी कसुरमा कसुर प्रमाणित नभएको ।

५) स्थानीय मातृभाषा बोल्न सक्ने ।

६) अन्य कुनै कानूनले अयोग्य ठहर नभएको हुनु पर्नेछ ।

**२६.तालिम :**

कार्यसम्पादनलाई चुस्तदुरुस्त राख्न सम्बन्धित बालविकास शिक्षकलाई आवश्यकता हेरी गाउँ कार्यपालिका वा बालविकास केन्द्र वा मातृविद्यालयले आवश्यक तालिमको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-८
## अवकाश सम्बन्धी व्यवस्था

**२७. स्वेच्छिक अवकाश :**

बाल विकास शिक्षकले सेवाबाट अवकाश लिने इच्छा गरी राजिनामा दिएमा व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले राजिनामा स्वीकृत गरी निजलाई सेवाबाट अवकाश दिन सक्नेछ ।

**२८. अनिवार्य अवकाश सम्वन्धी व्यवस्थाः (१)** देहायको अवस्थामा बालशिक्षकलाई गाउँ कार्यपालिकाको कार्यालयले अनिवार्य अवकाशको पत्र दिनु पर्ने छ :

क) कुनै बालविकास शिक्षकको उमेर साठी वर्ष पूरा भएमा

ख) कुनै बालविकास शिक्षकले अदालतबाट फौजदारी अभियोगमा सजाय पाएमा

(ग) अन्य कुनै कानूनले अयोग्य ठहर भएमा ।

## परिच्छेद-९
## सजाय सम्बन्धि व्यवस्था

**२९. सजाय :**

१.)उचित र पर्याप्त कारण भएमा बालविकास शिक्षकलाई देहायको सजाय गर्न सकिनेछ :

क) सचेत गराउने

ख) स्पष्टीकरण सोध्ने

ग) नसिहत दिने

घ) तलव बृद्धि तथा अन्य सुविधा कट्टा गर्ने

ङ) निलम्बन गर्ने

च) नोकरी बाट अवकाश गर्ने

छ) बिना सूचना १५ दिन लगातार अनुपस्थित भएमा ।

**३०.सजाय गर्ने अधिकारी :-**

नियम २९ (१) को खण्ड क, ख, ग, बमोजिमको सजाय विद्यालयको हकमा प्रधानाध्यापकले र बाल विकास केन्द्रको हकमा केन्द्र अध्यक्षले र नियम २९ (१) खण्ड (घ), (ङ), (च), र (छ) अनुसारको सजाय केन्द्र व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय अनुसार गाउँ कार्यपालिकाको कार्यालयले सजाय दिने छ । तर सजाय दिन पाउने अधिकारीले कुनै कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद-१०
## बालविकास शिक्षकको आचारसंहिता

**३१. बालविकास शिक्षकले पालन गर्नुपर्ने आचार संहिता :**

बालविकास शिक्षकले देहाय बमोजिमको आचारसहिता पालना गर्नुपर्ने छः

क) तोकिएको काम नियमित र अनुशासित तवरले कार्य गर्ने,

ख) निधारित समयमा नियमित रुपले बाल विकास केन्द्र वा विद्यालयमा आए गएको समय जनाई हाजिर गर्नुपर्ने,

ग) अग्रीम विदा स्वीकृत नगराई अनुपस्थित हुन नहुने,

ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक, साम्प्रदायिक, धार्मिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु नहुने,

घ) कुनै भाषा, धर्म जातजाति पेशा बिरोधी भावना शिक्षक, विद्यार्थी तथा अभिभावक वर्गमा फैलाउन नहुने,

ङ) बाल विकास केन्द्र वा विद्यालयको चल अचल सम्पति संरक्षण र सम्बर्द्धन गर्न जोड दिनुपर्ने,

च) विद्यार्थी, शिक्षक, अभिभावकहरु तथा व्यवस्थापन समितिसँग सुमधुर सम्बन्ध राख्नुपर्ने,

छ) जवाफदेहिता, जिम्मेवारी, अनुशासन, सहयोग ,सद्भावना, सदाचार, सहानुभुति, धैर्य र सद्चरित्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने,

ज) नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा पदाधिकारीको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा वाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न नहुने ।

## परिच्छेद-११
## विविध

**३२. लेखापरीक्षणः**

(१) बालविकास केन्द्रले प्रचलित कानुन वमोजिम आय व्ययको लेखा राख्नु पर्नेछ ।

(२) बालविकास केन्द्रले प्रचलित कानून वमोजिम सूचीकृत लेखापरीक्षकबाट मातृ विद्यालय मार्फत आय व्ययको लेखापरीक्षण गराउनु पर्नेछ ।

**३३. संशोधन वा हेरफेर :**

यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुमा केही संशोधन वा हेरफेर गर्न परेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिका बैठकको निर्णयबाट गर्न सकिनेछ ।

**३४. स्पष्टीकरण :**

यो कार्यविधि लागू हुनु अघि नियुक्ति भई कार्यरत बालविकास शिक्षक वा रिक्त रहेको सो पदमा पदपूर्तिको लागि प्रकाशित विज्ञापन यसै वमोजिम भएको मानिने छ ।

**३५. खारेजी र बचाउ :**

यो कार्यविधि कार्यान्वयन अघि नियुक्ति तथा समायोजन गरिएको बालविकास शिक्षकको हकमा यसै बमोजिम भएको मानिनेछ ।

अनुसूची- १

(नियम ३ सँग सम्वन्धित)

प्रारम्भिक बाल शिक्षा केन्द्र/शिशु विकास केन्द्र सञ्चालनका लागि दिइने निवेदन

श्री............................

.................................

विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ ।

शैक्षिक सत्र................देखि प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय र व्यवस्थापन समितिको मिति....................को निर्णयानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु छौं ।

(क) प्रस्तावित केन्द्रको,-

(१) नाम :

(२) ठेगाना : गाउँपालिका .................... वडा नं. .........................

गाउँ वा टोल..................... फोन नं..........

(३) सेवा पुऱ्याइने बालबालिकाको संख्या :

(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने केन्द्रको -

(१) नामः- (२) ठेगानाः- (३) फोन नंः

(ग) प्रस्तावित केन्द्रको भौतिक पूर्वाधारहरू :

(१) भवनः (अ) कोठा (आ) कच्ची वा पक्की (इ) के ले बनेको

(ई) भाडा,आफ्नै,सार्वजनिक

(२) फर्निचरको विवरणः

(अ) मेच : (आ) टेवुल : (इ) वेञ्चरडेस्क : (३) खेलकुद मैदान र त्यसको क्षेत्रफल :(अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य (४) शौचालयको अवस्थाः

(अ) संख्या (आ) कच्चीरपक्की (इ) पानीको व्यवस्था भए नभएको

(५) खानेपानीको अवस्थाः

(अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त/अपर्याप्त

(६) पाठ्यसामग्रीको नाम र संख्या :

(अ) ................. (आ)........................................ (इ)........................................

(७) आर्थिक विवरणः

(अ) अचल सम्पत्ति (आ) चल सम्पत्ति (इ) अन्य

(८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छः

(९) अन्य कुनै विवरण भए उल्लेख गर्नेः

माथि लेखिएको विवरण ठीक छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको,-

संस्थाको छाप सहीः नामः- ठेगाना : मितिः-

संलग्न कागजात :

(१) भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।

(२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।

(३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको बैठकको निर्णय ।

(४) कुनै केन्द्र सँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो केन्द्रको सिफारिस ।

अनुसूची-२

(नियम ३ को उपनियम (२) सँग सम्वन्धित

प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न दिइने अनुमति

श्री.........................................

...............................................

विषय : प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न दिइएको अनुमति

तपाईले त्यस संस्थालेप्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस .............. गाउँपालिकाको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा गाउँशिक्षा नियमावली, ........ र बाल विकास केन्द्र व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० मा तोकिएको मापदण्ड समेतको पूर्वाधार पूरा गरेको र यस गाउँ कार्यपालिकाको नक्साङ्कनमा परेकोले शैक्षिकसत्र..................देखि प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएकोछ ।

अनुमति प्रदान गर्ने अधिकारीकोः-

कार्यालयको छाप

सहीः

नाम :

पदः

मितिः

अनुसूचि–३

(नियम १८ को उपनियम ३ (घ) सँग सम्वन्धित)

प्रारम्भिक बाल शिक्षा शिक्षकको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, २०८०

हरिनगर गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखा, सुनसरी ।

लिखित परीक्षाको योजना (Written Examination Scheme)

| क्रस | विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|---|
| १. | वस्तुगत | १०० | ४० | ५० | ५०x२ | वस्तुगत/ बहुवैकल्पिक | ५० मिनेट |

**१. सामान्य ज्ञान र समसामयिक विषय** **२० अङ्क**

१.१. नेपालको भूगोल

- धरातलीय अवस्था, धरातलीय स्वरूप, विशेषता
- प्राकृतिक स्रोतहरू किसिम र महत्त्व
- भौगोलिक विविधता
- हावापानीको किसिम विशेषता र प्रभाव

१.२. नेपालका सङ्घ, प्रदेश र स्थानीय तह सम्बन्धी सामान्य जानकारी

१.३. वातावरण र विज्ञान

- वातावरण प्रदूषण र कारणहरू
- जनसाङ्ख्यिकी
- सहरीकरण
- बसाइँ-सराइ र यसका असरहरू

**२. शिक्षा सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था** **२० अङ्क**

२.१. नेपालको संविधान,२०७२ अन्तर्गतका मौलिक हकहरू

२.२. गाउँ शिक्षा ऐन, २०७५ (संशोधन सहित)

२.३. गाउँ शिक्षा नियमावली, २०५९ (संशोधन सहित)

-विद्यालय खोल्ने, अनुमति वा स्वीकृति

-गाउँ/नगर शिक्षा

-व्यवस्थापनल समितिको सदस्यको छनौट, काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

-शिक्षक अभिभावक सङ्घको गठन, काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि

-अतिरिक्त क्रियाकलाप

-विदा तथा काज सम्बन्धी व्यवस्था

-शिक्षाक तथा विद्यार्थीका आचारसंहिता

-सजायँ सम्बन्धी व्यवस्था

२.४. बाल विकास केन्द्र व्यवस्थापन सम्बन्धी कार्यविधि"२०८० (संशोधन सहित)

२.५. प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम), २०६२

२.६. प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड निर्देशिका पुस्तिका, २०६७

२.६ स्थानी सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा संबन्धि व्यवस्थाहरू

**३. नेपालको राष्ट्रिय शिक्षा प्रणाली सम्बन्धी सामान्य जानकारी १० अङ्क**

- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र
- पाठ्यक्रम विकास केन्द्र
- शिक्षा विकास निर्देशनालय
- शिक्षा समन्वय इकाइ
- शिक्षाका राष्ट्रिय उद्देश्य
- बालसहभागीता
- बालक्लब
- बालमैत्री विद्यालय र कक्षाकोठा
- बालअधिकार
- नेपालमा बालअधिकार संरक्षणका लागि गरिएका प्रयासहरू

**४. शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन १० अङ्क**

४.१. शैक्षणिक योजना परिचय, आवश्यकता, निर्माण र प्रयोग (वार्षिक कार्यतालिका, वार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठ योजना)

४.२. शैक्षणिक व्यवस्थापन

- कक्षाकोठा व्यवस्थापन
- कक्षा शिक्षण
- विषय शिक्षण
- बहुकक्षा शिक्षण

४.३. शैक्षिक सामग्री

- शैक्षिक सामग्रीको प्रकार
- शैक्षिक सामग्रीको निर्माण
- शैक्षिक सामग्रीको प्रयोग

**५. बाल मनोविज्ञान २० अङ्क**

५.१. बालमनोविज्ञान

- बाल मनोविज्ञानको अवधारणा

.- बाल मनोविज्ञानको आवश्यकता

- बाल मनोविज्ञानको महत्त्व

५.२ मानव वृद्धि र विकास

- मानव वृद्धि र विकासको अवधारणा
- मानव वृद्धि र विकासका चरणहरू
- मानव विकासका विशेषताहरू

५.३. पूर्व बाल्यावस्था

- पूर्व बाल्यावस्था को परिचय
- पूर्व बाल्यावस्था का विकासात्मक कार्यहरू
- पूर्व बाल्यावस्थाकाविशेषताहरू
- पूर्व बाल्यावस्था का शारीरिक परिवर्तनहरू
- पूर्व बाल्यावस्था का संवेगात्मक ढाँचाहरू
- पूर्व बाल्यावस्था का रुची खुसी र सङ्कटहरू
- पूर्व बाल्यावस्था का बालबालिकाको विकास र संरक्षणमा सहजकर्ता र अभिभावकहरूले खेल्नुपर्ने भूमिका

**६. शिक्षण विधि** **१० अङ्क**

६.१. शिक्षण विधिको परिचय

- शिक्षक केन्द्रित विधि (परिचय, प्रकार, फाइदा, बेफाइदा)
- विद्यार्थी केन्द्रित विधि (परिचय, प्रकार, फाइदा, बेफाइदा)
- अन्तरक्रियात्मक विधि(परिचय, प्रकार, फाइदा, बेफाइदा)

६.२. प्रारम्भिक बाल विकास शिक्षाको अवधारणा

- प्रारम्भिक बालविकासकाउद्देश्यहरू

६.३ पूर्व प्राथमिक शिक्षाको परिचय

- पूर्व प्राथमिक शिक्षाको उद्देश्य

**७. प्रारम्भिक बालविकास पाठ्यक्रम** **१० अङ्क**

७.१. भाषा शिक्षा

७.२. गणित शिक्षा

७.३. सामाजिक शिक्षा

७.४. स्वास्थ्य शारीरिक एवं सिर्जनात्मक कला

आज्ञाले,
नामः तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत